## प्रचण्डको दाबी...

पछिल्लो समय बढेको भ्रष्टाचारको मुख्य कारक वर्तमान निर्वाचन प्रणाली भएको भन्दै प्रचण्डले भने, 'एउटा पालिकामा चुनाव जित्न करोड, प्रदेशमा १० करोड र संघमा ५० करोड खर्च गर्नुपर्ने अवस्थाले जितेर आउने प्रतिनिधि जनताको काम होइन, भ्रष्टाचार गरेर चुनाव खर्च उठाउने काममा बढी लाग्न थालेको देखियो । त्यसैले भ्रष्टाचारको मुहान नै सुकाउने हो भने निर्वाचन प्रणाली बदलेर त्यसलाई पूर्ण समानुपातिक बनाउनुपर्छ ।'

करोडौं खर्च गरेर सांसद हुने र जितेपछि तँछाडमछाड गरेर मन्त्री बन्ने अवस्थाको अन्त्य गरी जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपतिले मन्त्रिमण्डल बनाउने र सांसदहरू कानुन निर्माणमा मात्रै लाग्ने, मन्त्री बन्न नपाउने निर्वाचन प्रणालीले मात्रै मुलुकमा भ्रष्टाचार रोक्न सकिने प्रचण्डको भनाइ छ ।

सामान्यतः सरकारबाट बाहिर आउँदा जनतामा निराशा देखिने गरे पनि यस पटक भने जनतामा उत्साह देखिएको र देशव्यापी जनलहर सुरु भएको दाबी गर्दै अध्यक्ष प्रचण्डले भने, 'भ्रष्टाचारीलाई जोगाउनका लागि नै हाम्रो नेतृत्वको सरकार ढालिएको हो भन्ने जनताले स्पष्ट बुझिसकेका छन् । उनीहरूको सरकार कसले कसरी बनाइदियो भन्ने देखिइहाल्यो, अहिले आधा दर्जन बढी त भ्रष्टाचारकै मुद्दा चलेका व्यक्तिलाई मन्त्री बनाइएको छ ।'

## सहकारी ठगीमा...

सहकारीबाट गैरकानुनी रूपमा गोर्खा मिडिया नेटवर्कमा ६५ करोड रुपैयाँ पुगेको र त्यो रकम खर्च गर्ने कार्यमा भने लामिछानेको संलग्नता पुष्टि भएको उनले बताए । त्यहाँ भएको पुँजी परिचालनमा लामिछानेको संलग्नता देखिएको उनको भनाइ छ । उनका अनुसार लामिछानेले बयानका क्रममा पुँजी परिचालनमा आफ्नो संलग्नता नरहेको बताएका थिए । तर, समितिले प्रमाण र तथ्यका आधारमा पुँजी परिचालनमा उनको संलग्नता पुष्टि गरेको उनले बताए ।

'सहकारी ठगीमा उहाँको संलग्नता नदेखिए पनि गैरकानुनी पुँजी परिचालनमा उहाँको संलग्नता देखिइसकेपछि उहाँलाई पनि कानुनको दायरामा ल्याएर कारबाही गर्नुपर्छ भनेर हामीले सिफारिस गरेका छौं । त्यहाँ कहीँ आग्रह-पूर्वाग्रह छैन । अब कानुनी हिसाबले अब थप अनुसन्धान गर्नुपर्ने भयो,' उनले भने ।

सहकारी ठगी सम्बन्धी छानबिन गर्न बनेको संसदीय समितिले प्रतिवेदन तयार गर्ने क्रममा निष्पक्षता र तटस्थता कायम राख्ने प्रतिबद्धता गरेको र त्यहीअनुसार काम भएको उनले बताए । दाहालले समितिले सरकारलाई सहकारीका सन्दर्भमा प्रस्टसँग सुझाव र निर्देशन दिएको पनि बताए । समितिले सहकारी ठगका चलअचल सम्पत्ति जफत गरेर पीडितहरूलाई न्याय दिन सरकारलाई निर्देशन दिएको पनि उनले बताए ।

बेलायत, मलेसियामा भएका सहकारी ठगलाई ल्याउन नसके पनि भारतमा लुकेर बसेका केही सहकारी ठगलाई ल्याइदिनुस् भनेर समितिले अनुरोध गर्दा सरकारले बेवास्ता गरेको उनको आरोप छ । प्रचण्ड नेतृत्वको सरकार ढलेसँगै भ्रष्टाचारीहरूलाई कारबाही प्रक्रिया नै स्थगित भएको उनको आरोप छ । सरकारलाई समितिले घर नम्बर र लोकेसनसमेत दिँदा पनि सहकारी ठगहरू पक्रेर ल्याउन सरकारले सहयोग नगरेको उनको गुनासो छ ।

त्यस्तै, नेकपा एमालेका नेता शेरबहादुर तामाङले सहकारी छानबिन समितिले प्रतिवेदन बुझाइसक्दा पनि कतिपयले सत्यलाई छोप्ने प्रयास गरेको भन्दै आलोचना गरे । आफू कानुनमन्त्री हुँदा भ्रष्टाचार निवारणका लागि सबैको सम्पत्ति सार्वजनिक गर्नुपर्ने प्रस्ताव राखेको पनि उनले बताए ।

## धनराजले राजीनामा...

यसैबीच, कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले सहकारी ठगी प्रकरणमा उपसभापति गुरुङ दोषी ठहरिए जेल जाने बताएका छन् । कांग्रेसको झापा काठमाडौँ सम्पर्क समितिको कार्यक्रममा शर्माले गुरुङमाथि छानबिन सुरु भइसकेको दाबी गरे । 'हाम्रो उपसभापतिमाथि छानबिन हुनुपर्छ, छानबिन प्रक्रिया अघि बढेको छ । त्यो प्रक्रिया अवरुद्ध गर्न कांग्रेस कहीँ लागेन । कहीँ दबाब दिएन,' उनले भने, 'आज सिआइबीले छानबिन प्रक्रिया सुरु गरेको छ । धनराज गुरुङ छानबिन गर्दै गर्दा निर्दोष देखिए माला लगाउनुहुन्छ । दोषी देखिए जेल जानुहुन्छ ।'

## पोखरामा भयावह...

प्रमुख नेपालीले असारदेखि कात्तिकसम्म डेंगीको संक्रमण बढी फैलिने बताए । समयमा जोखिम न्यूनीकरण र नियन्त्रण गर्न नसके डेंगीले महामारीको रूप लिन सक्ने प्रमुख नेपालीले बताए । 'डेंगीलाई सामान्य रूपले नसोचौं, यसका अप्रिय उदाहरण हामीसँग छन्,' उनले भने, 'डेंगी भइसकेपछि धेरै पीडा हुन्छ, उपचार र हेरचाह पुगेन भने स्वास्थ्य अवस्था जटिल बन्दै गएर बिरामीको मृत्युसमेत हुन सक्छ ।'

डेंगी रोकथाम र नियन्त्रणका लागि सबै पक्ष सचेत र जिम्मेवार हुनुपर्ने प्रमुख नेपालीको भनाइ छ । ४ प्रकारको भाइरसबाट मानिसमा डेंगी संक्रमण हुने गरेको उनले बताए । उक्त लामखुट्टेले जम्मा भएको सफा पानीमा फुल पार्ने र लार्भा जन्माउने गरेको उनको भनाइ छ । यो लामखुट्टेले दिनमा मात्र टोक्ने गरेको उनले बताए । डेंगी संक्रमणपछि बान्ता भइरहने, नाकबाट रगत आउने, कालो दिसा हुने, थकान जस्ता लक्षण देखिए चिकित्सकको विशेष निगरानीमा उपचार गर्नुपर्ने चिकित्सक बताउँछन् ।

डेंगी भएमा आराम गर्ने, पानीलगायत झोलिलो पदार्थ पिउने र जथाभावी औषधि सेवन गर्न नहुने उनीहरूको सुझाव छ । वृद्धवृद्धा, दीर्घरोगी, गर्भवती र बालबालिकामा डेंगीको संक्रमण भएमा स्वास्थ्यमा जटिलता निम्तिन सक्ने खतरा हुने प्रमुख नेपालीले बताए । डेंगीको भाइरस फैलाउने लामखुट्टे खाल्डाखुल्डी, पुराना टायर, भाँडाकुँडा, ड्रम आदिमा जम्मा भएको सफा पानीमा बस्ने हुँदा तिनलाई खाली गर्नुपर्ने प्रमुख नेपालीले बताए ।

कास्कीमा हालसम्म ४ हजार ५५२ जनामा डेंगी संक्रमण पुष्टि भएकामा पोखरा महानगरपालिकाबाहेक अन्नपूर्ण, रूपा र मादी गाउँपालिकामा ९/९ जना र माछापुच्छ्रे गाउँपालिकामा ३८ जनामा संक्रमण देखिएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

## अरब अमेरिकनमा...

उनको चाहना अरबमा युद्धविराम नै हो । अहिले मिचिगनमा निर्वाचन बहिष्कार गर्नेसम्मका अभियान चलेका छन् । उनी पनि त्यसै अभियानका सदस्य बनेका छन् ।

अहिले उनीहरूको चाहना युद्धविरामसँगै अन्तर्राष्ट्रिय मानवअधिकार कानुन पूर्ण रूपमा लागु हुनुपर्छ भन्ने नै हो । साउजा हामेद नामकी महिला पेसाले कानुन व्यवसायी हुन् । गत निर्वाचनमा उनी अरब अमेरिकन बार एसोसिएसनको अध्यक्ष पनि भएकी थिइन् । गत निर्वाचनमा उनले बाइडेनलाई साथ दिएकी थिइन् । यस निर्वाचनमा उनी ग्रिन पार्टीकी उम्मेदवार जिल स्टेइनलाई मतदान गर्ने सोचमा छिन् । यो मात्र होइन, गत अगस्ट महिनामा इस्लामिक अमेरिकीको मत सर्वेक्षण भएको थियो । मिचिगनको इस्लामिक मतमध्ये ४० प्रतिशत स्टेइनको पक्षमा, १८ प्रतिशत ट्रम्पको पक्षमा तथा १२ प्रतिशत मात्र ह्यारिसको पक्षमा रहेको पाइएको छ ।

हामेद त अरबमा भइरहेको 'मृत्युसँग सम्बन्धित व्यक्ति'लाई मत दिनै नसक्ने अवस्था रहेको बताउँछिन् । रिपब्लिकका पूर्वउपराष्ट्रपति डिक चेनीका कारण सो दलप्रति इस्लाम अमेरिकी सकारात्मक हुन सकेका छैनन् । सन् २००३ मा अमेरिकाले इराकमा आक्रमण गरेको समयमा उनको भूमिकाका कारण अहिले ट्रम्पका लागि पनि सो समुदायको मत सुखद् हुन नसक्ने संकेत देखिएको छ ।

औषधिको कारोबार गर्ने डा. माइदा हैदर विगतदेखि नै डेमोक्र्याट मतदाता हुन् । यस पटकको निर्वाचनमा भने उनी पनि अनिर्णीत छिन् । अहिले ट्रम्पले यहुदी रिझाउन इजरायलको पक्षमा आवाज उठाउनु र डेमोक्र्याट सरकारले युद्धविरामलाई प्राथमिकता नदिएका कारण अरब अमेरिकनहरूमा निर्वाचनप्रति नै वितृष्णा बढिरहेको छ । (एजेन्सीको सहयोगमा)


### Bardaghat Municipality
### Office of the Municipal Executive
Bardaghat, Nawalparasi (Ba. Su. West)
Lumbini Province, Nepal

**INVITATION FOR BIDS (EBIDDING ONLY)**
**(Publication Date: 2024/09/22)**

1. Bardaghat Municipality, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the following work.

| S.N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount Without VAT & Contingencies | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | BAR/NCB/ Works/04/081/082 | Construction of Ward Office Building, Bardaghat-15 | 90/120 days | NRs. 40,25,766.16 | NRs. 1,18,000.00 | NRs. 3,000.00 |

| Account No. for bid document purchase fee: | Account No. for bid security deposit: |
|---|---|
| **Name of Bank:** NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi<br>**Name of Office:** Bardaghat Municipality, Bardaghat<br>**Account Number (Antarik Rajaswo):** 0832050028211002 | **Name of Bank:** NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi<br>**Name of Office:** Bardaghat Municipality, Bardaghat<br>**Account Number (Dharauti Khata):** 8341498482524004 |
| Deadline of bid submission<br>2024/10/22 till 12:00 Noon | Date and time of bid opening<br>2024/10/22 at 1:00 PM |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bardaghat Municipality, Bardaghat, Nawalparasi, Website: www.bardaghatmun.gov.np, PPMO website: www.bolpatra.gov.np/egp Email Id: bardaghatmunicipality@gmail.com, Tel: 078-580210, 078-580407. Please notice that amendments (if any) will be published in www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

### Likhu Pike Rural Municipality
**Office of the rural municipal executive**
**Chaunlakharka,solukhumbu**
**Koshi Province,Nepal**
**Publication Date:22-09-2024**

**Likhu pike rural municipality chaunlakharka solukhumbu invites sealed quotations from eligible suppliers for the supply of following details:**

| S.N | Contract ID no | Procurement details | Quotation security NRs | Document Fee NRs | Quotation validity period | Quotation security validity period |
|---|---|---|---|---|---|---|
| 1 | 01/SQ/LPKRM/ GOODS/2081-82 | Medicine | 35,000 | 1000 | 45 days | 75 days |

1. Eligible suppliers only can apply through PPMO's website and should download the bidding documents for e-submission from PPMO's e-GP ie.www.bolpatra.gov.np/egp.Bidders should deposit the cost of bidding amount in the following account.
   **i) Name of the Bank: citizens bank international ltd.**
   **Ii) Name of the office: Likhu pike rural municipality,solukhumbu.**
   **Iii) Account name: LIKHU PIKEY GA.PA GA-1.1 ANTARIK RAJASWA KHATA**
   **iv) Account no: 0720100000001202**
2. Sealed bids must be submitted to the office of the rural municipal executive,chaunlakharka solukhumbu,Nepal through e-GP system ie. www.bolpatra.gov.np/egp on or before 07-10-2024 12:00 .Bids received after this deadline will be rejected.
3. The bids will be opened in the presence of bidders representatives who choose to attend at 07-10-2024 15:00 at the office of likhu pike rural municipality ,solukhumbu.Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting mentioned above,which shall be valid 30 days beyond the validity period of the bid.If bidder wishes to submit the cash security can deposit in the following account.
   **i) Name of the Bank: citizens bank international ltd.**
   **ii) Name of the office: Likhu pike rural municipality, solukhumbu.**
   **iii) Account name: Local Level Retention Account**
   **iv) Account no: 0720100000004201, bidders also submit the receipt of the deposited amount of cash along with the sealed quotation.**
4. If the last date of submission and opening of bid document falls on a government holiday,then the next working day shall be considered as the last date.In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief administrative Officer**

### लुम्बिनी प्रदेश सरकार
### शहरी विकास तथा खानेपानी मन्त्रालय
### खानेपानी तथा सरसफाइ कार्यालय, बाँके
**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मितिः- २०८१/०६/०६**

यस कार्यालयबाट मिति २०८१/०४/३१ गते राष्ट्रिय दैनिकमा प्रकाशित सूचना तथा E-Bidding बाट प्रकाशित सूचना बमोजिमका ठेक्काहरुको बोलपत्र मूल्यांकन गर्दा तपसिल बमोजिम फर्महरुको कुल कबोल अंक न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्बजनिक खरिद ऐन 2063 को दफा 27 को उपदफा 2 को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र सं. | ठेक्का नं | कामको बिबरण | योजनाको नाम | सारभूत रुपमा प्रभाबकारी न्यून बोलपत्रदाता | कबोल अंक भ्याट समेत |
|---|---|---|---|---|---|
| 1. | ०६/२०८०/०८१ | PE-100(SDR) एच.डी.पी. पाइप खरिद कार्य प्याकेज-१ | विभिन्न खा.पा.आ,बाँके | किसान पाइप प्रोडक्टस् प्रा. लि.,बर्दघाट-७ ,नवलपरासी | ५७,५३,२४८.१० |
| 2. | ०७/२०८०/०८१ | PE-100(SDR) एच.डी.पी. पाइप खरिद कार्य प्याकेज-२ | विभिन्न खा.पा.आ,बाँके | ओम पंचपुरी ई.प्रा.लि.,बाँके | ४७,६९,७९३.२८ |
| 3. | ०८/२०८०/०८१ | PE-100(SDR) एच.डी.पी. पाइप खरिद कार्य प्याकेज-३ | विभिन्न खा.पा.आ,बाँके | लक्ष्मी प्लास्टिक लि.,नेपालगंज,बाँके | ४७,४१,१४१.०० |
| ४. | ०९/२०८०/०८१ | PE-100(SDR) एच.डी.पी. पाइप खरिद कार्य प्याकेज-४ | विभिन्न खा.पा.आ,बाँके | नेपाल ब्लैकगोल्ड एंड अलाईड प्रा.लि.,रुपन्देही | २१,३६,६०४.०० |
| ५. | १०/२०८०/०८१ | PE-100(SDR) एच.डी.पी. पाइप खरिद कार्य प्याकेज-५ | विभिन्न खा.पा.आ,बाँके | लक्ष्मी प्लास्टिक लि.,नेपालगंज,बाँके | ३७,४८,१५३.५० |

**कार्यालय प्रमुख**

### Duhabi Municipality
### Office of Municipal Executive
Duhabi, Sunsari

## Invitation for Online Bids

**Date Of Publication: 2081/06/06 (2024 Sep.-22)**

1. Duhabi Municipality invites bids for the construction of various Civil Works for Duhabi Municipality under National competitive bidding.

| S N | Description of Works | Contract Identification No. | Estimated cost with PS and without VAT | Bid Security (NRs) | Bid document fee |
|---|---|---|---|---|---|
| 1. | Construction of Drain and Maintainance of Road at Duhabi Municipality Ward 6 , Shiv Mandir to East Towards Ward 4, Jamjam Chowk | DM/NCB/ work/2081/082-07 | 19,50,333.46 | 50,000.00 | 3000.00 |
| 2. | Maintenance of Premixed Road Work at Duhabi Municipality, ward no-2, Main pachira chowk to Ward no-7 way to 15 beded Nagar Hospital | DM/NCB/ work/2081/082-08 | 39,10,622.98 | 1,00,000.00 | 3000.00 |
| 3. | Construction of Safe House Building, Duhabi municipilaty, Ward No-2. | DM/NCB/ work/2081/082-09 | 37,59,941.82 | 95,000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information from Office of Duhabi Municipality, Duhabi Sunsari, Telephone number 024-540024, email id : info@duhabimun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.